लुम्बिनी साँस्कृतिक नगरपालिका
रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

| लुम्बिनी साँस्कृतिक नगरपालिका, रुपन्देहीद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्डः ७ | संख्याः १० | मितिः २०८०/०९/२८ |

भाग-२

**लुम्बिनी साँस्कृतिक नगरपालिका**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा (१) बमोजिम लुम्बिनी साँस्कृतिक नगरपालिका नगर कार्यपालिका एवम् नगर सभाबाट पारित गरि सर्वसाधारणको जानकारीका लागि कार्यविधि प्रकाशित गरिएको छ।

# लुम्बिनी सांस्कृतिक नगरपालिकाको पर्यटन सूचना केन्द्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावनाः** लुम्बिनी साँस्कृतिक नगरपालिका र बुद्ध परिपथ (राजदरबार कपिलवस्तु र तिलौराकोट, रामग्राम, देवदह) भित्र रहेका धार्मिक, साँस्कृतिक सम्पदा तथा वातावरणको संरक्षण र सम्बर्द्धन गर्दै पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धन गरी राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा लुम्बिनी साँस्कृतिक नगरपालिका एवं बुद्ध परिपथ छिमेकी पालिकाहरुलाई नेपालको एक आकर्षक र भरपर्दो पर्यटकीय गन्तव्यको रूपमा विकसित गरेर स्थानीय उत्पादन, कला, सँस्कृति, साहित्य प्रवर्द्धन गरी विदेशी मुद्रा आर्जन र रोजगारीका अवसरहरूको सृजनामा अधिकतम वृद्धि गर्न तथा लुम्बिनी साँस्कृतिक नगरपालिकाको राष्ट्रियअन्तर्राष्ट्रिय समन्वय, सहकार्य, सम्बन्ध विस्तार, सहयोग र अनुभव अदान प्रदान सम्बन्धी कार्यविधि, २०७७ अनुसारका समन्वय शाखाको उद्देश्य र कार्य क्षेत्रलाई आत्मसात गर्दै पर्यटन क्षेत्र विस्तार तथा व्यवस्थित गर्नका निमित्त एक पर्यटन इकाईको स्थापना गर्न र त्यसको कार्य सञ्चालन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकाले लुम्बिनी साँस्कृतिक लुम्बिनी

साँस्कृतिक नगरपालिका नगरकार्यपालिकाले समन्वय शाखा अन्तर्गत रहने गरी लुम्बिनी साँस्कृतिक नगरपालिका पर्यटन सूचना केन्द्र व्यवस्थापन तथा संचालन कार्यविधि, २०८० निर्माण गरी लागु गरेको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिको नाम लुम्बिनी साँस्कृतिक नगरपालिका पर्यटन सूचना केन्द्र व्यवस्थापन तथा संचालन कार्यविधि, २०८० रहेको छ।

२) यो कार्यविधि कार्यपालिका/नगरसभाको बैठकबाट पारित भएको मितिबाट लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "सूचना केन्द्र" भन्नाले दफा ३ बमोजिम स्थापना भएको लुम्बिनी साँस्कृतिक नगरपालिकाको पर्यटन सूचना केन्द्र सम्झनुपर्छ।

ख) "समिति" भन्नाले दफा ८ बमोजिम गठन भएको कार्यकारी समिति सम्झनुपर्छ।

ग) "अध्यक्ष" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ।

घ) "उपाध्यक्ष" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्छ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

च) "सदस्य सचिव" भन्नाले पर्यटन सूचना केन्द्रको प्रमुखको रुपमा कामकाज गर्ने जिम्मेवारी तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

छ) "पर्यटक" भन्नाले विदेशी मुलुकबाट भ्रमणको लागि नेपाल राज्यमा आउने गैर नेपाली नागरिक साथै देशका अन्य भूभागबाट दृष्यावलोकन गर्न, धार्मिक, साँस्कृतिक मेला हेर्न वा विदा मनाउन यस नगरपालिका एवं बुद्ध परिपथ क्षेत्र भित्र आउने नेपाली नागरिक समेतलाई सम्झनु पर्छ।

ज) "पर्यटन व्यवसाय" भन्नाले देहायका विषय सम्झनु पर्छ।

१) पर्यटकहरूको निमित्त राष्ट्रिय वा अन्तराष्ट्रिय परिवहनको सेवा पुऱ्याउने कारोबार,

२) पर्यटकहरूलाई नेपाल राज्यभित्र वा नेपाल राज्यबाहिर कुनै पनि स्थानमा पूर्ण वा आंशिक रूपमा परिवहन, बसोबास, भ्रमण व्यवस्था, रेष्टुरेन्ट सेवा, दृश्यावलोकन, पथ प्रदर्शन, पर्वतारोहण, पदयात्रा, जलयात्रा तथा अन्य साहसिक एवं मनोरन्जनात्मक सेवा पुऱ्याउने र सो बापत विदेशी मुद्रा आर्जन गर्ने प्रकृतिका कारोबार,

३) पर्यटकहरूलाई पूर्ण वा आंशिक रूपमा खुद्रा वस्तुहरू बिक्री गर्ने कारोबार, र

४) उपखण्ड (१), (२) र (३) बमोजिमको कारोबार गरी पर्यटकहरूलाई आकर्षित गर्नको निमित्त पूर्ण वा आंशिकरूपमा साहित्य, कला, धर्म संस्कृतिको प्रस्तुति वा अन्य कुनै प्रदर्शनी, आयोजना, मेला, प्रचार प्रसार अभियान सन्चालन गर्ने कार्यलाई समेत सम्झनु पर्छ।

झ) "पथप्रदर्शक" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाले पर्यटकहरुको भ्रमण सहजिकरणका लागि नगरपालिकाले भर्ना गरेका तथा सहकार्य संस्था वा पालिका दातृ संस्थाले पथप्रदर्शकको रुपमा परिचालन गरेका कर्मचारीलाई सम्झनु पर्छ।

## परिच्छेद - २

## पर्यटन सूचना केन्द्रको स्थापना र व्यवस्था

**३. पर्यटन सूचना केन्द्र संचालन समितिको गठनः**

१) लुम्बिनी साँस्कृतिक नगरपालिका र बुद्ध परिपथ (राजदरबार कपिलवस्तु र तिलौराकोट, रामग्राम, देवदह) क्षेत्रलाई एक आकर्षक पर्यटन स्थलको रूपमा स्थापित गरी पर्यटन व्यवसायको विकास, विस्तार तथा प्रवर्द्धन गर्नको लागि लुम्बिनी साँस्कृतिकको पर्यटन सूचना केन्द्र संचालन समितिको नामबाट एउटा समितिको गठन गरिनेछ।

२) पर्यटन सूचना केन्द्रको कार्यालय लुम्बिनी साँस्कृतिक नगरपालिका समन्वय शाखा मातहत रहनेछ।

३) पर्यटन सूचना केन्द्रको प्रमुखको रुपमा कामकाज गर्न एक जना सहायकस्तरको कर्मचारी, एक जना कम्प्यूटर अपरेटर, दुई जना पथप्रदर्शक र आवश्यकता अनुसार अन्य प्राविधिक कर्मचारी रहनेछन्।

**४. पर्यटन सूचना केन्द्रको उद्देश्यः** सूचना केन्द्रको उद्देश्य देहाय बमोजिम हुनेछः-

क) लुम्बिनी साँस्कृतिक नगरपालिका र बुद्ध परिपथ (राजदरबार कपिलवस्तु र तिलौराकोट, रामग्राम, देवदह)को क्षेत्रभित्र धार्मिक तथा पर्यटन, होमस्टे, होटल, पार्क, भ्यूटावर, बोटिङ, साइक्लिङ तथा संरक्षित क्षेत्र, ताल, पोखरी, पूरातात्विक वस्तुहरु, बौद्ध संवेदनशीलता, बिहार तथा गुम्बा आदिको महत्व र गरिमालाई अभिबृद्धि गराई एक आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकसित गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा परिचित गराउने।

ख) बुद्ध जन्मस्थल लुम्बिनी, अन्य साँस्कृतिक सम्पदा, गुम्बा तथा लुम्बिनी साँस्कृतिक नगरपालिका भित्र रहेको धार्मिक, साँस्कृतिक तथा पर्यटकीय स्थल पहिचान गर्ने तथा धार्मिक साँस्कृतिक मेलाहरुको संरक्षण, सम्वर्द्धन र प्रचार प्रसार गर्ने।

ग) पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धन गरी राष्ट्रिय उत्पादन तथा विदेशी मुद्रा आर्जनमा अभिवृद्धि गर्दै बढी भन्दा बढि रोजगारीका अवसरहरूको सृजना गरी नगरलाई समृद्ध बनाउने ।

घ) पर्यटकहरूलाई गुणात्मक सेवा प्रदान गर्न पर्यटन व्यवसायमा देखापरेका समस्याहरूको निराकरणका उपायहरू पत्ता लगाउन आवश्यकता अनुसार कार्यमूलक अनुसन्धान गर्ने, गराउने ।

ङ) लुम्बिनी साँस्कृतिक नगरपालिका र बुद्ध परिपथ (राजदरबार कपिलवस्तु र तिलौराकोट, रामग्राम, देवदह) भित्र रहेका भाषा, संस्कृति, भेषभूषा तथा कला संस्कृतिको पहिचान र संरक्षण गर्ने ।

च) पर्यटन प्रवर्द्धन र विकासका लागि मुलुकभित्रका नगरपालिका तथा विदेशका नगरपालिका, अन्तर्राष्ट्रिय संघ/संस्थासँग समेत भगिनी, सहसम्बन्ध र संस्थागत गरी अन्तर्राष्ट्रिय सम्बन्ध विकास/विस्तार  मार्फत पूँजी र प्रविधि भित्र्याउने ।

५. **पर्यटन सूचना केन्द्रको काम, कर्तव्य र अधिकार**ः इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) लुम्बिनी साँस्कृतिक नगरपालिका भित्र रहेका धार्मिक, साँस्कृतिक र पर्यटकीय स्थलहरूको पहिचान गर्ने, त्यसको संरक्षण र प्रवर्द्धन, प्रचारप्रसार गरी एक आकर्षक पर्यटकीय गन्तब्य बनाउने ।

ख) पर्यटन व्यवसायको स्थापना, सुधार, विकास, विस्तार, प्रवर्द्धन तथा संरक्षण गर्ने सम्बन्धमा पूर्वाधार विकास, पर्यटन सेवा सुविधा विस्तार, जनशक्ति विकास र पर्यटनस्थलहरूको पर्यावरण संरक्षण गर्ने कार्य समेतका सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

ग) पर्यटकहरूलाई सेवा प्रदान गर्ने व्यक्ति, संस्था वा निकायहरूको क्रियाकलापहरूमा समन्वय कायम गर्ने ।

घ) पर्यटन व्यवसायको विकास र बिस्तारका लागि आवश्यक पर्ने प्राविधिक एवं वित्तीय आधारहरू तयार पारी सोही अनुसार पर्यटन विकाससँग सम्बन्धित कार्यक्रमहरू कार्यान्वयन गर्ने, गराउने ।

ङ) पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धन गर्नको लागि मेला, पर्व, महोत्सव, जात्रा लगायत पर्यटन सम्बन्धी विविध क्रियाकलापहरूमा निजी क्षेत्रको सहभागितालाई

अधिकतम मात्रामा प्रोत्साहित गर्ने, गराउने ।

च) पर्यटनसँग सम्बन्धित विद्यमान भौतिक पूर्वाधारहरूको व्यवस्थित र प्रभावकारी ढंगले उपयोग गरी पर्यटकहरूलाई यहाँको धार्मिक र साँस्कृतिक महत्वका स्थलहरू तथा मनोरम प्राकृतिक सौन्दर्यको दृश्यावलोकन गराउन निजी क्षेत्रलाई उत्प्रेरित गर्ने ।

छ) लुम्बिनी साँस्कृतिक नगरपालिकालाई एक धार्मिक तथा आकर्षक पर्यटन केन्द्रको रूपमा विकसित गर्न विविध अध्यात्मिक तथा मनोरञ्जनपूर्ण पर्यटन सम्बन्धी कृयाकलापहरू सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने ।

ज) पर्यटन प्रवर्द्धन र विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा सम्मेलन, व्यापार मेला, साँस्कृतिक तथा युवा महोत्सव आदि कार्यक्रमहरूमा भाग लिने र पर्यटन प्रवर्द्धनमा भूमिका खेल्ने ।

झ) ऐतिहासिक महत्व भएका स्थलहरू तथा मठ मन्दिर, मस्जिद, गुम्बाहरू तथा अन्य अध्यात्मिक केन्द्र/स्थानहरुको संरक्षण सम्बन्धी विविध क्रियाकलापहरूमा स्थानीय जनसमुदायको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने ।

ञ) पर्यटन पूर्वाधार तथा सुविधाहरूको सुदृढीकरण गर्दै नयाँ पर्यटन स्थलहरूको विकास गर्दा खास गरी स्थानीय पर्यटन स्थलहरूको विकासलाई प्राथमिकता दिने ।

ट) नयाँ पर्यटन स्थलहरूको पूर्वाधार निर्माण र विकासमा लगानी परिचालन गर्ने, गराउने ।

ठ) धार्मिक तिर्थस्थलहरूको संरक्षण तथा सम्वर्द्धन गरी धार्मिक पर्यटनको विकास गर्नको लागि धार्मिक तथा साँस्कृतिक महत्वका स्थलहरूमा पर्यटकहरू बढी आकर्षित हुने गरी सुविधाहरू विस्तार गर्ने ।

ड) अन्तर्राष्ट्रिय पर्यटन उद्गम बजारहरूमा प्रतिस्पर्धात्मक रूपमा पर्यटन प्रवर्द्धन गरी लुम्बिनी साँस्कृतिक नगरपालिकालाई एक प्रमुख पर्यटन केन्द्रको रूपमा विकसित गर्ने, गराउने ।

ढ) बुद्ध जन्मस्थल लुम्बिनी, लुम्बिनी साँस्कृतिक नगरपालिका तथा बुद्ध परिपथ (राजदरबार कपिलवस्तु र तिलौराकोट, रामग्राम, देवदह) मा पुरातात्विक अवलोकन एवं अध्यात्मिक विकास जस्ता पर्यटनको विकास र प्रवर्द्धन गर्न अध्ययन अनुसन्धान गर्ने ।

ण) मित्र राष्ट्रहरूका नगरपालिकासँग समन्वय गरी पारस्परिक लाभमा आधारित अन्तरदेशीय पर्यटन सम्बन्धी गतिविधिहरू बृद्धि गर्ने ।

त) पर्यटन जन चेतनाको लागि विभिन्न तहमा प्रचारप्रसार कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

थ) पर्यटन व्यवसायीहरूबाट पर्यटकहरूलाई प्रदान गरिने सेवा तथा वस्तुको गुणस्तर निर्धारण

गर्ने। न्यून गुणस्तरका सेवा वा वस्तु उपर कडा निगरानी राख्ने।

द) पर्यटन व्यवसायमा संलग्न रहेको कुनै पनि संगठित संस्थाको शेयर वा धितोपत्र खरिद गर्ने वा प्राप्त गर्ने।

ध) पर्यटन प्रवर्द्धनमा सघाउ पुऱ्याउने कारोबारमा पूँजी लगानी गर्ने।

न) सूचना केन्द्रको उद्देश्य प्राप्तिको लागि नगरपालिकाको स्वीकृति लिई देशी तथा विदेशी संघ संस्थाहरूसँग सम्झौता गर्ने।

प) सूचना केन्द्रको वार्षिक कार्यक्रम सञ्चालन गर्न कार्ययोजना निर्माण गर्ने।

६. **पर्यटन सूचना केन्द्रको प्रमुखको काम, कर्तव्य र अधिकारः**

१) पर्यटन सूचना केन्द्रको प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) समितिको निर्णय एवं निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने।

ख) पर्यटन सूचना केन्द्रको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने, गर्न लगाउने।

ग) समितिबाट स्वीकृत योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने, गराउने।

घ) पर्यटन सूचना केन्द्रलाई आवश्यक कर्मचारीहरू तोकिए बमोजिम नियुक्त गरी काममा लगाउने।

ङ) अध्यक्षको आदेशानुसार समितिको बैठक बोलाउने।

च) समिति प्रति उत्तरदायी भई काम गर्ने।

छ) पर्यटन सूचना केन्द्रको प्रशासकीय प्रमुखको हैसियतले इकाईको उद्देश्य प्राप्त गर्न अन्य आवश्यक कार्यहरू गर्ने।

७. **पर्यटन सूचना केन्द्र प्रमुखको नियुक्तिः** पर्यटन सूचना केन्द्रको प्रमुखको रुपमा लुम्बिनी साँस्कृतिक नगरपालिकामा कार्यरत कर्मचारीहरु मध्येबाट कार्य जिम्मेवारी दिइनेछ।

८. **कर्मचारीको सेवा सुविधाः** नेपाल सरकारको नियम अन्तर्गत रही पद अनुसारको सेवा सुविधा दिइनेछ।

९. **सूचना केन्द्रले आवश्यक सेवा शुल्क लिन सक्नेः** सूचना केन्द्रले पर्यटक तथा पर्यटन व्यवसायीहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रदान गरेको परामर्श तथा सेवा बापत तोकिए बमोजिमको सेवा शुल्क लिन सक्नेछ।

१०. **सूचना केन्द्रले आर्थिक स्रोत जुटाउन सक्ने**: इकाईले आफ्नो कार्यक्रम सञ्चालन गर्नको निमित्त प्रचलित कानून बमोजिम नगरपालिका, प्रदेश सरकार, संघीय सरकार, गैरसरकारी संस्था, विदेशी सरकार, अन्तर्राष्ट्रिय संस्था वा निकायबाट ऋण, अनुदान, दान दातव्य वा उपहार लिन लगायत आवश्यक आर्थिक स्रोत जुटाउन सक्नेछ।

## परिच्छेद – ३

## कार्यकारी समितिको गठन तथा काम, कर्तव्य र अधिकारः

११. **कार्यसमितिको गठन**:

१) इकाईको उद्देश्य प्राप्तिको लागि आवश्यक कार्यक्रमहरू सुव्यवस्थित रूपले सञ्चालन गर्न गराउन र इकाईको सम्पूर्ण काम कारवाहीहरूको रेखदेख, निर्देशन, नियन्त्रण तथा व्यवस्थापन गर्नको लागि एक नौ सदस्यीय कार्यसमितिको गठन हुनेछ।

२) समितिमा देहायका सदस्यहरू रहनेछन्:

क) नगर प्रमुख -अध्यक्ष

ख) नगर उपप्रमुख -उपाध्यक्ष

ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ) जिल्ला स्थित पर्यटन कार्यालयको प्रतिनिधि - सदस्य

ङ) लुम्बिनीको पर्यटन प्रवर्द्धनको क्षेत्रमा काम गरेको नगर प्रमुखले मनोनित गरेका स्थानीय एक जना - सदस्य

च) नगरपालिका भित्र विभिन्न पर्यटकीय क्षेत्र वा पर्यटन व्यवसायमा काम गरेका संघ संस्थाका प्रमुख वा प्रतिनिधि २ जना- सदस्य

छ) उद्योग वाणिज्य संघको प्रतिनिधि १ जना - सदस्य

ज) पर्यटन सूचना केन्द्रको प्रमुख - सदस्य सचिव

३) समितिले आवश्यक देखेमा कुनै स्वदेशी विशेषज्ञ, सल्लाहकार वा पर्यटन व्यवसायसँग सम्बन्धित लब्ध प्रतिष्ठित व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

४) पर्यटन सूचना केन्द्रले आवश्यक देखेमा परामर्शदाताको रुपमा मनोनित गर्न सक्ने छ।

१२. **समितिको बैठक र निर्णय**:

१) समितिको बैठक कम्तिमा महिनामा एक पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ। तर आवश्यकता अनुसार सो भन्दा अगावै पनि समितिको बैठक बस्न सकिनेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक तिहाई सदस्यहरूले समितिको बैठक बोलाउनको लागि लिखित रूपमा माग गरेमा पन्ध्र दिनभित्र सदस्य-सचिवले अध्यक्षको स्वीकृति लिई समितिको बैठक बोलाउनु पर्नेछ।

३) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरूको सूची बैठक बस्नु भन्दा २४ घण्टा अगावै सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ।

४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिको उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

५) समितिको कूल सदस्य संख्याको बहुमत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिको मत निर्णायक हुनेछ।

७) कार्य समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१३. **समितिको काम, कर्तव्य र अधिकारः**

१) यो कार्यविधिको अधीनमा रही इकाईले गर्नु पर्ने सम्पूर्ण काम कारवाहीहरू गर्नु तथा इकाईलाई प्राप्त सम्पूर्ण अधिकारहरूको प्रयोग तथा कर्तव्यको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

२) उपदफा (१)मा उल्लिखित काम, कर्तव्यको अतिरिक्त इकाई सूचना केन्द्रको उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य कार्यहरू गर्नु समितिको कर्तव्य हुनेछ।

३) नगर कार्यपालिका प्रति जवाफदेही रहेर उद्देश्य प्राप्तिको लागि स्वतन्त्र रूपमा कार्य गर्न सक्नेछ।

१४. **उपसमिति गठन गर्न सक्नेः**

१) समितिले आफ्नो कार्य सञ्चालन गर्नको लागि आवश्यकतानुसार उपसमितिहरू गठन गर्न सक्नेछ।

२) उपदफा (१) बमोजिम गठित उपसमितिहरूको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्यावधि समितिले तोके बमोजिम हुनेछ।

## परिच्छेद – ४
## बजेट व्यवस्थापन र विविध

**१५. बजेट व्यवस्थापन:**

१) पर्यटन सूचना केन्द्रको प्रशासनिक खर्च तथा कार्यक्रम सञ्चालन खर्च नगरपालिकाको नगर सभाले आवश्यक रकम विनियोजन गर्नेछ।

२) पर्यटन सम्बन्धी कार्यक्रमका लागि नगरपालिकाले बिनियोजन गरेको रकम तथा प्राप्त भएको ऋण तथा अनुदान सोही कार्यक्रमका लागि मात्र खर्च गरिनेछ।

३) प्रदेश तथा केन्द्र सरकारबाट प्राप्त हुने अनुदान सोही सर्त बमोजिम हुनेछ।

**१६. वार्षिक प्रतिवेदन:** सदस्य सचिवले इकाईको काम कारवाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्र समिति समक्ष प्रस्तुत गर्नु पर्नेछ र त्यसलाई तीन महिना भित्रमा नगरपालिकामा पेश गर्नुपर्नेछ।

**१७. अधिकार प्रत्यायोजन:**

१) समितिले आफूलाई प्राप्त अधिकारहरू मध्ये कुनै वा सबै अधिकार आवश्यकता अनुसार कुनै सदस्य, उपसमिति वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

२) सदस्य सचिवले आफूलाई प्राप्त अधिकारहरू मध्ये कुनै वा सबै अधिकार आवश्यकता अनुसार इकाईको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

**१८. बैठक भत्ता:** कार्यसमितिका सदस्यहरूले समितिको बैठकमा भाग लिए वापत तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन्।

**१९. प्रतीक चिन्ह/लोगो:** लुम्बिनी साँस्कृतिक नगरपालिकाले पर्यटन सम्बन्धी प्रतीक चिन्ह/लोगो बनाई नेपाल सरकारको लोगोसँगै प्रयोग गर्न सकिनेछ।

आज्ञाले
राम प्रसाद ज्ञवाली
प्रमुख प्रशासकिय अधिकृत